## अवैध आप्रवासीप्रति...

सो वार्तामा कोलम्बियाले डिपोर्ट भएका आप्रवासीलाई कुनै अवरोधबिना स्वीकार गर्ने भएपछि अमेरिकाले पनि अतिरिक्त करको निर्णय हटाएको छ । कोलम्बियाका राष्ट्रपति पेड्रोले वार्तामा नागरिकलाई सम्मानजनक व्यवहारसहित कोलम्बियामा छाडिने सहमति भएको बताए । ह्वाइट हाउसले भने ट्रम्पको तर्फबाट पूरै कागजात तयार भएको जनाउँदै कोलम्बियाले सहमतिमा अटेर गरे थप कदम चाल्ने बताएको छ । अमेरिकामा १५ हजार ६६६ जना अवैध कोलम्बियाली आप्रवासी छन् ।

कोलम्बिया आफ्नो निर्णयबाट फिर्ता भएपछि अमेरिकी राष्ट्रपतिका प्रेस सेक्रेटरी क्यारोलिन लियाभिटले अमेरिका अझै 'सुपेरियर' भएको पुष्टि भएको बताइन् । उनले संसारका अन्य देशबाट पनि राष्ट्रपति ट्रम्पले अवैध आप्रवासी डिपोटको कामलाई सहज बनाउन सहयोग हुने विश्वास राखेको बताइन् । बर्सेनि दसौँ हजार अवैध आप्रवासी दक्षिण अमेरिकाको बाटो हुँदै अमेरिका पुग्ने गरेका छन् । यसमा कोलम्बियाको बाटो समेत प्रयोग हुने गरेको छ । यसरी अवैध आप्रवासी प्रवेश गराउने आपराधिक गिरोह नै संलग्न भएको जनाइन्छ ।

ट्रम्प प्रशासनले केही दिनदेखि अमेरिकाका विभिन्न सहरमा अवैध आप्रवासी गिरफ्तार समेत गरेको छ । गत बिहीबार मात्र ५३८ जनालाई गिरफ्तार गरेर ट्रम्प प्रशासनले सो कामको सुरुआत गरेको हो । ट्रम्पले इमिग्रेसन एन्ड कस्टम इन्फोर्समेन्ट (आइसिई) लाई यस वर्ष धेरै अवैध आप्रवासीलाई गिरफ्तार गर्न तथा फिर्ता पठाउन निर्देशन दिइसकेका छन् । यसअघि ट्रम्पले मेक्सिकोको सीमामा संकटकाल घोषणा गरेका थिए ।

## सम्पत्ति शुद्धीकरणमा...

प्रधानमन्त्री कार्यालयका सचिव फणीन्द्र गौतमले नेपालको तेस्रो चरणको पारस्परिक मूल्यांकन त्यति सन्तोषजनक नदेखिएको बताए । यो जोखिमबाट बच्न एउटा मात्र संस्थाको जिम्मेवारी नभई सूचक संस्था, नियामक निकाय र सरोकारवाला निकायहरू एकजुट भएर लाग्नुपर्ने उनले बताए । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी ५ बर्से रणनीतिक कार्ययोजना र १ बर्से कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने उनको भनाइ छ ।

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नयाँ जोखिम बढिरहेको र सूचना प्रविधिको प्रयोगबाट अवैध सम्पत्तिको शुद्धीकरण गर्ने प्रवृत्ति बढेको बताए । 'एउटै खालका जोखिम सधैँ रहिरहँदैनन् । नयाँ–नयाँ जोखिम आइरहेका छन् । डिजिटल कारोबारबाट अवैध क्रियाकलाप हुने क्रिप्टोलगायत अवैध क्षेत्रमा लगानी गर्नेजस्ता समस्या देखिन थालेका छन्,' उनले भने ।

नेपाल एफएटिएफको ग्रे लिस्टमा परेको अवस्थामा पनि चाँडो बाहिर निस्कने गरी आधार तयार पार्नुपर्नेमा उनले जोड दिए । 'सम्पत्ति शुद्धीकरण निवारणका लागि नेपालले धेरैवटा कानुन बनाएको छ । हामीसँग पर्याप्त कानुन छन् । तिनलाई नियमित रूपमा संशोधन र समयानुकूल बनाउने तथा कानुन कार्यान्वयनका लागि आवश्यक संरचना र निकायहरूले नतिजामुखी काम गर्न सक्नुपर्छ,' अधिकारीले भने, 'कदाचित हामी लिस्टिङ भयौँ भने पनि त्यसबाट चाँडोभन्दा चाँडो निस्किने आधार तयार पारेका छौँ । ऐनकानुन पर्याप्त बनेका छन्, त्यसको कार्यान्वयन र प्रभावकारिताको विषय महत्त्वपूर्ण हो ।'

महान्यायाधिवक्ता रमेश बडालले अपराध नियन्त्रणका लागि अनुसन्धान तथा अभियोजन प्रक्रिया चुस्त बनाउने र सँगसँगै अपराध नै हुन नदिने अवस्थाको सिर्जना गरिनुपर्नेमा जोड दिए । 'अनुसन्धान र अभियोजन प्रक्रियालाई प्रभावकारी रूपमा अघि बढाइरहँदा हामीले अपराध हुनै नदिने अवस्थाको सिर्जना कसरी गर्ने भन्ने विषयलाई पनि प्राथमिकतामा राख्नुपर्छ । सम्बन्धित नियामक निकायहरूले ठीक समयमा ठीक काम गर्ने हो भने धेरै हदसम्म समस्या समाधान गर्न सकिन्छ,' बडालले भने । त्यस्तै, वैध व्यवसाय गर्नेहरूले यसबाट डराउन नहुने पनि महान्यायाधिवक्ता बडालले बताए । 'वैध व्यापार व्यवसाय गर्ने व्यक्ति डराउनुपर्दैन । कसुरमा संलग्न नभएको र आपराधिक काम नगरेको व्यक्ति डराउनुपर्दैन,' उनले भने ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक सुमन दाहालले अनुसन्धान र अभियोजनका काममा विभागले पछिल्लो समय उत्कृष्ट कार्य गरेको दाबी गरे । 'विभागले यो वर्षको पहिलो अर्धवार्षिक अवधिमै १५ वटा मुद्दा दायर गरिसकेको छ । यो संख्या विगत वर्षहरूको औसत तुलना गर्दा झन्डै दोब्बरभन्दा बढी हो । यिनमा झन्डै ५५ अर्ब बराबरका बिगो माग दाबी लिई मुद्दा दायर भएका छन्,' महानिर्देशक दाहालले भने, 'पछिल्लो १ वर्षमा करिब ३० वटा मुद्दा फैसला पनि भएका छन् । स्थापनाकालदेखि हालसम्म विभागले दायर गरेका ११७ वटा मुद्दामा सफलता दर झन्डै ८५ प्रतिशत छ ।'

वित्तीय प्रणालीमा व्यापक सुधार भएको भन्दै उनले पछिल्लो समय देखिएका नवीनतम आपराधिक क्रियाकलाप, विशेषतः डिजिटल अपराधहरूले प्रणालीको सुधारलाई चुनौती दिइरहेको बताए । 'त्यसलाई सामना गरेर अगाडि बढ्न सक्ने सुधार चाहिएको छ,' दाहालले भने ।

एफएटिएफले सन् २०२२ मा गरेको पास्परिक मूल्यांकनपश्चात् प्राप्त भएका ७७ वटा सुझाव समेटेर ५ बर्से रणनीतिक कार्ययोजना बनाई कार्यान्वयनमा ल्याएको पनि विभागले जनाएको छ । सम्पत्ति शुद्धीकरणमा नेपालले राम्रो गरिरहेको भए पनि अन्तर्राष्ट्रिय रूपमा आफ्नो साख जोगाउन नसक्ने अवस्थामा पुग्नु चिन्ताको विषय रहेको महानिर्देशक दाहालको भनाइ छ । 'केही कुराहरू हामीले राम्रो गर्नका लागि गरिएका भए पनि नतिजा बिग्रिएका छन् । कतै भूमिका बिग्रिएका छन् भने कतै प्रक्रिया बिग्रिएका छन् । हामीले काम त गरिरहेका छौँ । तर, चक्काले गुडाएर हैन कि जबरजस्ती घिसारेर गरिरहेका छौँ,' उनले भने ।

'एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ' (एपिजी) ले २ वर्षअघि नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी 'पारस्परिक मूल्यांकन प्रतिवेदन' (म्युचुअल इभालुएसन) गरेर एफएटिएफलाई प्रतिवेदन बुझाएको थियो । जसमा एफएटिएफले ४० वटा सुधारका क्षेत्रहरू औँल्याएको थियो । नेपालमा गैर–वित्तीय क्षेत्र नियमनको दायरामा आउन नसक्दा यो क्षेत्रमा सम्पत्ति शुद्धीकरणको बढी जोखिम देखिएको, आतंककारी क्रियाकलापमा भइरहेको वित्तीय लगानीलाई नेपालले 'ट्र्याकिङ' गर्न नसकेको, उच्च जोखिमका बाबजुद सम्पत्ति शुद्धीकरणसँग जोडिएका मामला अनुसन्धान र जाँचबुझमा नेपाल कमजोर देखिएको, कानुनी सुधारको गुञ्जायस देखिए पनि कार्यान्वयनमा चुकेको लगायत विषय एपिजीले आफ्नो प्रतिवेदनमार्फत् औँल्याएको थियो ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारणका लागि कानुनी सुधार र संस्थागत क्षमता विकास गर्न नेपालले उच्च तहको प्रतिबद्धता, पर्याप्त स्रोत साधन परिचालन, अन्तरनिकाय समन्वयलगायत विषयमा ध्यान दिनुपर्ने सुझाव नेपाललाई दिएको थियो ।


# Jagadulla Rural Municipality
## Office of Rural Municipal Executive
**Majhgaun, Dolpa**

**Karnali Province**

## Invitation for Bids

**Notice No. 4-081/82/JRM/NCB**

***First Date of Publication : 2081/10/15 (28nd Jan, 2025)***

1. The Central / Provincial Government of Nepal [GoN] and Local Level Gon has allocated funds towards the cost of following works, and intends to apply part of the funds to cover eligible payments under the Contract given in the Table below. Bidding is open to all eligible Nepalese Bidders.

| S N | Contract Identification No | Description and Location of Works | Estimated Amounts (NRs) With VAT & PS | Fee for Bid Documents (NRs) | Minimum Bid Security Amount (NRs) | Bid Validity Periods (Days) |
|---|---|---|---|---|---|---|
| 1 | JRM/NCB/Goods-1/2081-82 | Dalit Residential Hostel Management Work 2081/82 | 72,04,984.40 | 3000.00 | 188000.00 | 90 |

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | 2081/11/15 (27th Feb, 2025) | 12:00 hours |
| Opening of Bid | 2081/11/15 (27th Feb, 2025) | 12:10 hours |

Bid security period shall be 30 days beyond bid validity period. For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Jagadulla Rural Municipality Office, Majhgaun, Dolpa or PPMO Website :- **www.bolpatra.gov.np/egp**

# ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/१०/१५ गते

यस माछापुच्छ्रे बैंक लि. को विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको बिनाधितोमा प्रवाहित विभिन्न कर्जाहरुको समय समयमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज आदि) नबुझाएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकको नियम, प्रचलित कानून तथा ऋणी र बैंक बीच भएको लिखतको शर्त अनुसार ऋणी तथा जमानीकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने र बैंकको सम्पूर्ण लेना रकम असुलीको लागि अन्य कानुनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

**तपसिल**

| क्र.सं. | ऋणी तथा जमानीकर्ताको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं. | नागरिकता जारी मिति | नागरिकता जारी जिल्ला | ठेगाना | शाखा कार्यालय | कर्जा शीर्षक |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ऋणी : चाँदनी देवी छेडाल | पति : प्रकाश बहादुर छेडाल | ससुरा : ईश्वर सिंह छेडाल | ६८३०२८७३/२३ | २०७३/०२/०५ | डोटी | डोटी जिल्ला, निरौली गा.वि.स. वडा नं. ९ | बालुवाटार | महिला उद्यमी सहुलियतपूर्ण कर्जा |
| | जमानीकर्ता : प्रकाश बहादुर छेडाल | बाबु : ईश्वर सिंह छेडाल | बाजे : अजब सिंह छेडाल | ६८३०२८/२३ | २०७०/०२/१८ | डोटी | डोटी जिल्ला, निरौली गा.वि.स. वडा नं. ९ | | |
| २. | ऋणी : ज्ञानवती ताजपुरीया | पति : कालोसाना ताजपुरीया | ससुरा : चर्खा ताजपुरीया | ०४१०२१/५७८ | २०६७/१०/०४ | झापा | झापा जिल्ला, चकचकि न.पा. वडा नं. ९<br>हाल : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १०, कपन | कपन | महिला उद्यमी सहुलियतपूर्ण कर्जा |
| | जमानीकर्ता : कालोसाना ताजपुरीया | बाबु : चर्खा ताजपुरीया | बाजे : नाकछदिया ताजपुरीया | १८२४६/२ | २०५२/०८/२८ | झापा | झापा जिल्ला, बाह्रदशी गा.पा. वडा नं. ४<br>हाल : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १०, कपन | | |

| क्र.सं. | ऋणी तथा धितोको विवरण | संचालक/प्रोप्राईटर एवं ब्यक्तिगत जमानीकर्ता | ब्यक्तिगत जमानीकर्ता | शाखा कार्यालय | कर्जा शीर्षक |
|---|---|---|---|---|---|
| ३. | **ऋणी :** नेपाल सरकार (साविक श्री ५ को सरकार), उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय काठमाडौंमा दर्ता नं. १६२६०/८९७ अन्तर्गत मिति २०५६/१०/०३ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **सूर्य फुड प्रोडक्ट्स** ।<br>पान नं. ५०००८५९१४, दर्ता मिति : २०५७/०४/०९<br>ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, कोटेश्वर<br>**धितो :** उल्लेखित ऋणीले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु । | **रिता पोखेल (प्रोप्राईटर)**<br>ना.प्र.नं. ७६१५६२३, जि.प्र.का. झापा, जारी मिति : २०४५/०१/११<br>बाबु : रोहिणी पोखेल<br>पति : पुरुषोत्तम भट्टराई, ससुरा : मेघ नाथ भट्टराई<br>ठेगाना : झापा जिल्ला, राजगण न.पा./गा.वि.स. वडा नं. ५<br>हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, कोटेश्वर | **पुरुषोत्तम भट्टराई**<br>ना.प्र.नं. २४९४/०३८/३९, जि.प्र.का. मोरङ्ग, जारी मिति : २०३९/०१/१५<br>बाबु : मेघ नाथ भट्टराई, बाजे : टिका दत्त भट्टराई<br>ठेगाना : मोरङ्ग जिल्ला, बिराटनगर म.न.पा./गा.वि.स. वडा नं. ११<br>हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, कोटेश्वर | कोटेश्वर | महिला उद्यमी सहुलियतपूर्ण कर्जा |

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

# तेमाल गाउँपालीका
## गाउँ कार्यपालिकाको कार्यालय
**पोखरीनारायणस्थान, काभ्रेपलाञ्चोक**

## आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

**प्रकाशन मितिको सूचनाः–२०८१/१०/१५**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सूचना र तत्पश्चात रितपूर्वक दतां भएका बोलपत्र उपर कारवाही हुँदा देहायका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव स्वीकृत गरि आर्थिक प्रस्ताव खोल्न मनासिव देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) को उपनियम ५ को प्रयोजनार्थ यो गरिएको छ ।

**तपसिलः**

**आयोजनाको नामः Bohoredovan–Aadhbat–Dadagau–Rosaiba Road Upgrading works at ward 1, 2, 3 & 4**

**ठेक्का नं. NCB/W/TRM/Kavre/01/081-082**

| क्र.स. | प्राबिधिक मुल्यांकनमा सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताब खोल्ने मिति, समय र स्थान |
|---|---|---|
| १. | Kapil-Basistha Jv., Kathmandu | २०८१–माघ २२ गते, विहान १०:०० बजे तेमाल गाउँपालिकाको कार्यालय, पोखरी नारायणस्थान |
| २. | N.S. Construction, Kavre | |
| ३. | shailungeshwori chaurikhola contruction company Pvt.Ltd., Ramechape | |

**प्रमुख प्रशासकीय अधिकृत**

# Mayadevi Rural Municipality
## Office of Rural Municipal Executive
**Barewa, Rupandehi**

**Lumbine Province, Nepal**

## Invitation for Bids

**Invitation Bid No: 02/MRMUN/WORKS/NCB-2081/82**

**Date of First Publication: 28th Jan, 2025**

1. Mayadevi Rural Municipality, Barewa Rupandehi invites electronic bids from eligible bidders for the Construction of bagari badh mayadevi 03 Barewa under National Competitive Bidding – Single Stage One Envelope Bidding procedures. Only eligible bidders should participate in this bidding. The estimated amount for the works is Rs. (in NRs) 7909090.58 Including Vat and Ps.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**